# किताक्युशु शहरद्वारा सञ्चालित हिमावारी निम्न माध्यामिक विद्यालय

(रात्रिकालीन सरकारी निम्न माध्यामिक विद्यालय)

**शैक्षिक सत्र रेइवा 6 साल**

北九州 SDGs

# विद्यालय भर्नाबारे जानकारी




कितक्युशु शहरद्वारा सञ्चालित हिमावारी निम्न माध्यामिक विद्यालय स्थल

कितक्युशु शहर कोकुराकिता-कु सिमोतोनो 1 च्योमे 2-1

(कितक्युशु शहरद्वारा सञ्चालित किकुऱ्यो निम्न माध्यामिक विद्यालयअन्तर्गत)

*JR कोकुरा स्टेसनबाट लगभग 15 निमेट पैदल

निसितेचु सुनाजु बस सेन्टरबाट 5 मिनेट पैदल




**कितक्युशु शहरद्वारा सञ्चालित हिमावारी निम्न माध्यामिक विद्यालय**

# कितक्युशु शहर शिक्षा परिषद्

## 1 हिमावारी निम्न माध्यामिक विद्यालयमा महत्त्व दिइने धारणा (ध्येय)

यस विद्यालयलाई एउटा यस्तो ठाउँ बनाउने जहाँ विद्यार्थीहरूलाई "पढ्न रमाइलो छ" र "पढिरहन चाहन्छु" जस्तो लाग्छ यस विद्यालयलाई एउटा यस्तो ठाउँ बनाउने जहाँ "साथीसँगीसँग विभिन्न अनुभवहरू" गर्न सक्छ

## 2 भर्ना पाउन सक्नेहरू (आवेदन योग्यता)

・विभिन्न कारणले अनिवार्य शिक्षा पूरा नगरेका व्यक्तिहरू
・विगतमा विद्यालयको पढाइबाट पलायन जस्ता कारणहरूले विद्यालयमा पुनः पढ्न चाहनेहरू
・जापान वा आफ्नो देशमा पर्याप्त अनिवार्य शिक्षा नपाएका विदेशी नागरिकहरू
※हेइसेइ 21 साल (सन् 2009) अप्रिल 1 तारिखभन्दा पहिले जन्मेका व्यक्तिहरू

## 3 भर्ना पाउन सक्नेहरू (आवेदन योग्यता)

・यसपालि 30 जना जति भर्ना गर्ने विचार गरिएको छ। भर्ना पाउन व्यक्तिको अधिकतम संख्या तोकिएको छैन।
・भर्ना हुन चाहनेहरू धेरै भएको खण्डमा कक्षा कोठाको तयारी गर्न केही समय पर्खिन आग्रह गर्न सकिन्छ।

## 4 कुन विषय कसरी पढ्ने?

・निम्न माध्यामिक विद्यालयमा सिकाइने सबै विषयहरू (9 विषय) पढाइनेछ।
※विद्यार्थीको इच्छा अनुसार प्राथमिक विद्यालयमा सिकाइने विषयहरू पढ्न पनि सकिन्छ।
・सोमबारदेखि शुक्रबारसम्म दैनिक रूपमा पठनपाठन गरिनेछ।
・दिउँसो नभई रातको समयमा 4 वटा कक्षाहरू हुनेछ।
・विदेशी नागरिकहरू जस्ता आवश्यकता पर्नेहरूको लागि जापानी भाषाको सहायता प्रदान गरिनेछ।

## 5 विद्यालय कसरी आउने?

・पैदल, साइकल वा सार्वजनिक यातायातमा (JR, मोनोरेल, बस) विद्यालय आउनुहोस्।
※विद्यार्थीहरूले विद्यालयमा आवतजावत गर्नको लागि कम्युटर पास विशेष छुटमा खरिद गर्न सक्छन्।
・सामान्यतया आफ्नो गाडी वा मोटरसाइकलमा विद्यालय आउन पाइँदैन।
※व्हिलचेयर जस्ता साधनको आवश्यकता पर्ने व्यक्तिले परामर्श लिनुहोस्।

## 6 अन्य

・दिउँसोको समयमा काम गर्नेहरूले पनि भर्ना पाउन सक्नुहुन्छ।
・कक्षामा बस्दा लगाउने लुगाको सन्दर्भमा कुनै नियम छैन। (स्कुल युनिफर्म छैन)
・शिक्षण शुल्क लाग्दैन। पाठ्यपुस्तकहरू निःशुल्क रूपमा वितरण गरिनेछ।
・विद्यालयमा खानाको कुनै प्रबन्ध छैन।
・कक्षामा पढ्दा लाग्ने आवश्यक खर्चहरू हुन्छन्। (शिक्षण सामग्री खर्च, तालिम खर्च आदि)
・गर्मी बिदा, जाडो बिदा र वसन्त बिदा हुनेछ।

## 7 भर्नाको लागि आवश्यक प्रक्रियाहरूको प्रवाह

**"हिमावारी निम्न माध्यामिक विद्यालय"-मा भर्ना हुने तपाईंको इच्छाबारे जानकारी दिने**

・ शिक्षा परिषद्को रात्रिकालीन निम्न माध्यामिक विद्यालय सम्बन्धी कर्मचारीलाई फोन वा इमेलमार्फत सम्पर्क गर्नुहोस्।

**【सम्पर्क जानकारी】 फोन नम्बर ０९３－５８２－２３５７**

**इ - मेल kyou-kikaku@city.kitakyushu.lg.jp**

・फोनमा सम्पर्क गर्दा तलको 【दिनुपर्ने जानकारी】 मा भएका कुराहरू प्रत्यक्ष बताएर जानकारी दिनुपर्छ।

・इमेलमार्फत सम्पर्क गर्दा तलको 【दिनुपर्ने जानकारी】 मा भएका कुराहरू र मोबाइल नम्बर जस्ता दिउँसोको समयमा सम्पर्क गर्न सकिने फोन नम्बरको जानकारी राख्नुपर्छ। **इमेल स्वीकारेपछि एक जना कर्मचारीले तपाईंलाई फोन गर्नेछ।)**

**【दिनुपर्ने जानकारी】 ○तपाईंको नाम ○ठेगाना ○उमेर ○राष्ट्रियता ○कति कक्षा (क्लास) को पढाइ गर्न चाहनुहुन्छ**

**※आवेदन दिने अवधि रेइवा 5 साल सेप्टेम्बर 28 तारिख (बिहीबार) देखि डिसेम्बर 8 तारिख (शुक्रबार) सम्म हो।**

### （２）अन्तरवार्ता दिने

・ **आवेदन स्वीकारिएपछि तुरुन्तै अन्तरवार्ताको मिति र समय तोकेर अन्तरवार्ता लिइनेछ।**

・अन्तरवार्ताको मिति र समय अनि स्थलबारे फोन र पत्रमार्फत अग्रिम जानकारी गराइनेछ।

・अन्तरवार्तामा मुख्य गरी निम्न कुराहरूबारे बताउनुहोस्।

**【अन्तरवार्तामा सोधिने कुराहरू】 ○तपाईं किन भर्ना हुन चाहनुहुन्छ?**
**○तपाईंले के-कस्तो अध्ययन गर्नुभएको छ? ○तपाईं कसरी विद्यालय आउनुहुन्छ?**
**○तपाईंलाई कति जापानी भाषा आउँछ? ○स्वास्थ्य स्थिति ○ व्यक्तिगत परिस्थिति आदि**

### （３）कागजातहरू पेश गर्ने

・भर्नाको लागि आवेदन फारम भरेर अरू कागजातहरूसहित पेश गर्ने

①पेश गर्ने कागजातहरू

भर्नाको लागि आवेदन फारम (अन्तरवार्ता पछि दिइनेछ) ・निवासी प्रमाणपत्र

②पेश गर्ने अवधि

**रेइवा 5 साल (सन् 2023) डिसेम्बर 20 तारिख (बुधबार) सम्म** <u>**※उक्त दिनको पोस्टमार्क मान्य हुन्छ**</u>

※उक्त अवधिपछि जुनसुकै बेला पनि परामर्श लिन सकिनेछ।

③पेश गर्ने तरिका

हुलाकमार्फत पठाउने वा विद्यालयमा लिएर आउने *विद्यालयमा लिएर आउने खण्डमा सोमबारदेखि शुक्रबारसम्म (बिदाको दिनबाहेक) को दिनमा लिएर आउनुहोस् बिहान 8:30 देखि साँझ 5:15 सम्म

④पेश गर्ने वा सोधपुछ गर्ने काउन्टर

〒８０３－８５１０

1-1, Otemachi, Kokurakita Ward, Kitakyushu City

To: Kyouiku-Iinkai Kikaku-Chosei-Ka

**फोन नम्बर** ０९３－５８２－２３５７

### （４）भर्ना हुन निर्धारण गरिने

・रेइवा 6 साल (सन् 2024) फेब्रुअरी महिनाको अन्ततिरदेखि मार्च महिनासम्ममा पत्र पठाएर सूचना दिइनेछ। (विद्यालय प्रवेश समारोह अप्रिल महिनाको बीचतिर गर्ने योजना गरिएको छ)

**पछाडिको पाना हेर्नुहोस्**

## ४ ध्यान दिनुपर्ने कुराहरू

・कागजात र अन्तरवार्तामा दिएको जानकारी तपाईंको वास्तविक अवस्थाभन्दा फरक भयो भने भर्ना हुन नपाउन सक्नुहुन्छ।

・यदि तपाईं लामो समयसम्म कक्षामा अनुपस्थित रहनुभयो वा अरू विद्यार्थीहरूलाई झर्को लाग्ने व्यवहार दोहोऱ्याउनुभयो भने तपाईंलाई विद्यालयबाट निकालिन सकिन्छ।

・भर्नाको बारेमा कुनै चिन्ता लागेकोले अन्तर्वार्ता दिन हिचकिचाउनुहुन्छ भने पनि एक पटक फोनमार्फत परामर्श लिनुहोस्।

・यदि तपाईं किताक्युशु शहर बाहिर बस्नुहुन्छ र यस विद्यालयमा भर्ना हुन चाहनुहुन्छ भने तपाईंले बसोबास गरेको स्थानीय तहसँग समायोजन गर्नु आवश्यक हुन्छ। सुरुमा तलको 【सोधपुछको लागि सम्पर्क】मा सम्पर्क गरेर परामर्श लिनुहोस्।

**【सम्पर्क जानकारी】**

**कीटाक्यूशू शिक्षा बोर्ड किखाकु-चोसेई-का (योजना तथा समन्वय महाशाखा)**

**〒803-8510　1-1, Otemachi, Kokurakita Ward, Kitakyushu City**

**(कोकुरकिता-कु कार्यपालिका कार्यालय पूर्वी भवन 6 तल्ला)**

**फोन नम्बर 093-582-2357　फ्याक्स 093-581-5871**

**इ - मेल：kyou-kikaku@city.kitakyushu.lg.jp**

**होमपेज：**https://www.city.kitakyushu.lg.jp/kurashi/menu01_00354.html

**दुई-आयामी बारकोड (होमपेज)**